# राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०८०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०८०।०७।०२

राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम १६ मा संशोधनः राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १६ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) खेलकुदको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य"

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) एजेन्सीको सचिवालयमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरुमध्येबाट वरिष्ठतम् कर्मचारी -सचिव।"

(२) उपनियम (२) मा रहेका "खण्ड (क), (ख) र (घ) बमोजिम" भन्ने शब्दहरुको सट्टा "खण्ड (क), (ख), (घ) र (घ१) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३) मा रहेका "त्यस्ता सदस्यलाई परिषद्ले" भन्ने शब्दहरूको सट्टा "संयोजकलाई नेपाल सरकारले र सदस्यलाई मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) एजेन्सीको सचिवालय एजेन्सीले तोकेको स्थानमा रहनेछ।"

३. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) एजेन्सीको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,"

४. <u>मूल नियमावलीको नियम १८ मा संशोधनः</u> मूल नियमावलीको नियम १८ को उपनियम (४) मा रहेका "सदस्य-सचिवले" भन्ने शब्दहरुको सट्टा "एजेन्सीको सचिवले" भन्ने शब्दहरु राखिएका छन्।

५. <u>मूल नियमावलीको नियम १९ मा संशोधनः</u> मूल नियमावलीको नियम १९ मा रहेको "परिषद्ले" भन्ने शब्दको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

६. <u>मूल नियमावलीको नियम २७ मा संशोधनः</u> मूल नियमावलीको नियम २७ को,-

(१) उपनियम (१) मा रहेका "देहायका प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडी" भन्ने शब्दहरुको सट्टा "देहायका प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक जस्ता पदक प्रदान गरिनेमा त्यस्ता पदक प्राप्त गर्ने र त्यस्ता पदक प्रदान नगरिने खेलकुद प्रतियोगिताको हकमा त्यस्तो खेलमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "पदक प्राप्त गरेका खेलाडीलाई" भन्ने शब्दहरुको सट्टा "पदक प्राप्त गरेका वा त्यस्तो पदक प्रदान नगरिने खेलको हकमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गरेका खेलाडीलाई" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (४) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्ः-

"(ख) प्राप्त गरेको पदक वा हासिल गरेको स्थान र खेलको नाम,

(ग) पदक प्राप्त गरेको वा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गरेको खेलकुद प्रतियोगिताको नाम,"

७. <u>मूल नियमावलीको नियम २८ मा संशोधनः</u> मूल नियमावलीको नियम २८ को उपनियम (४),(५), (७) र (८) को सट्टा देहायका उपनियम (४), (५), (७) र (८) राखिएका छन्ः-

"(४) नेपाल सरकारले ओलम्पिक प्रतियोगितामा कुनै पदक, एसियन खेलकुद प्रतियोगितामा कम्तीमा एउटा स्वर्ण पदक वा अन्य कुनै दुईवटा पदक वा दक्षिण एसियाली खेलकुद प्रतियोगिताको अफिसियल खेलमा कम्तीमा तीन वटा स्वर्ण पदक प्राप्त गरेका खेलाडीलाई निजहरुको जीवनभर एक पटकको लागि आवास सुविधा बापत एकमुष्ट पच्चीस लाख रुपैयाँ प्रदान गर्न सक्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि छ वा सो भन्दा बढी देशको सहभागिता भएको प्रतियोगितामा स्वर्ण, रजत वा कास्य पदक प्राप्त गर्नेलाई वा पदक प्रदान नगरिने खेलमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गर्नेलाई चार वा पाँच देशको सहभागिता भएको प्रतियोगितामा स्वर्ण वा रजत पदक प्राप्त गर्नेलाई वा पदक प्रदान नगरिने

कानून तथा संसदीय मामिला मन्त्रालय

खेलमा प्रथम वा द्वितीय स्थान हासिल गर्नेलाई तथा तीन देशको सहभागिता भएको प्रतियोगिताको हकमा स्वर्ण पदक प्राप्त गर्ने वा पदक प्रदान नगरिने खेलमा प्रथम स्थान हासिल गर्नेलाई मात्र सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

(७) उपनियम (३) बमोजिम पुरस्कार प्रदान गरिने प्रतियोगिताको व्यक्तिगत प्रतिस्पर्धामा पदक प्राप्त गर्ने वा पदक प्रदान नगरिने खेलमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गर्ने प्रशिक्षक र सहायक प्रशिक्षक दुवै समावेश भएमा प्रशिक्षकको लागि अनुसूची-४ मा उल्लेख गरिएको पुरस्कार रकमलाई साठी चालिस अनुपात (६०:४०) मा विभाजन गरी हुन आउने रकम पुरस्कारको रुपमा प्रदान गरिनेछ।

(८) नेपाल सरकार वा परिषद्बाट राष्ट्रियस्तरमा औपचारिक रुपमा आयोजना गरिएका राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने वा पदक प्रदान नगरिने खेलमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गर्ने खेलाडीलाई समिति तथा मन्त्रालयको सिफारिसमा नेपाल सरकारले पुरस्कार र सम्मानपत्र प्रदान गर्नेछ।"

८. मूल नियमावलीको अनुसूची-४ मा संशोधनः मूल नियमावलीको अनुसूची-४ को खण्ड (ख) को क्रम सङ्ख्या १० र ११ झिकिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय